# डिलासैनी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

डिलासैनी गाउँपालिका

डिलासैनी गाँउपालिका

२०७४

**डिलासैनी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४**

**सभाबाट पारित मिति : २०७४/१२/०९**

**प्रमाणीकरण मिति : २०७४/१२/१४**

## <u>२०७४ सालको ऐन नं. ३</u>

**<u>प्रस्तावना:</u>** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२१ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम डिलासैनी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१.<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u>** :(१) यो ऐनको नाम डिलासैनी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन डिलासैनी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. <u>परिभाषा</u>** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले डिलासैनी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले डिलासैनी गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले डिलासैनी गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. <u>नियम बनाउने अधिकार</u>** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त डिलासैनी गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

डिलासैनी गाउँपालिका

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने** : (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही डिलासैनी गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

प्रस्तुत डिलासैनी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ डिलासैनी गाउँपालिका गाउँसभा सञ्चालन नियमावली, २०७४ को नियम ४३(३) बमोजिम गाउँसभाबाट पारित भएको व्यहोरा सोही नियमावलीको नियम ७४(१) बमोजिम प्रमाणीकरण गर्दछु ।

..................

उकेन्द्रबहादुर बोहरा
गाउँपालिका अध्यक्ष
मिति २०७५।१२।१४

डिलासैनी गाउँपालिका